# नेपालमा बृहत् यौनिकता शिक्षा : तथ्य-पत्र
# Comprehensive Sexuality Education in Nepal : Fact Sheet

## पृष्ठभूमि

यौनिकता मानव जीवन र सम्पूर्ण सृष्टिकालागि अपरिहार्य छ र यसैबाट आदिम कालदेखिको सृष्टिको बिस्तार सम्भव भएको छ। नेपालको कुल जनसङ्ख्याको करिब २१ प्रतिशत जनसंख्या १६ देखि २५ वर्ष उमेर समुहका युवाहरूको रहेको छ भने करिब ४१ प्रतिशत जनसंख्या १६ देखि ४० वर्ष उमेर समूहका रहेका छन् (जनगणना, २०२१)। ठूलो संख्यामा रहेका यी किशोरकिशोरी र युवावर्गहरुको शारीरिक, मानसिक तथा सामाजिक अवस्था स्वस्थ नभई सिङ्गो राष्ट्रको स्वस्थताको कल्पना गर्नु निरर्थक हुन जान्छ।

युवावर्गको परिवर्तित शारीरिक एवं मानसिक अवस्थाप्रति संवेदनशील भएर उच्च महत्वका साथ उनीहरूलाई यौन तथा प्रजनन स्वास्थ्यका सम्पूर्ण पक्षको सूचना उपलब्ध गराउनुका साथै सही मार्गनिर्देश गरी सफल, स्वस्थ र पूर्ण जीवन व्यतित गर्न प्रेरित गर्नु आवश्यक रहेकोछ। जसको फलस्वरूप, स्वस्थ युवाबाट सफल युवा, सक्षम अभिभावक र विकसित राष्ट्रको कल्पना साकार हुन्छ। किशोरावस्थामा हुने शारीरिक र यौनिक परिवर्तन, देखासिखी र दौंतरी दबाव, सूचना-प्रविधिको पहुँच र यसको बढ्दो जोखिम, साथै जीवनोपयोगी शिक्षा र सीप अभावका कारण धेरै किशोरकिशोरी र युवाहरू विभिन्न प्रकारका जोखिम, दुर्व्यवहार र हिंसामा परेका हुन्छन्। यसबेला उनीहरूलाई सुरक्षित, उत्पादनशील र पूर्ण जीवनको तयारीका साथै किशोरावस्थामा हुने जोखिमपूर्ण व्यवहारहरूलाई न्यूनीकरण र व्यवस्थापन गर्न एक भरपर्दो शिक्षाको आवश्यकता महसुस गरिएको छ।

सही शिक्षा तथा सूचनाको अभावमा धेरै किशोरकिशोरी तथा युवाहरूले यौनिकता र यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी भ्रामक र विवादास्पद जानकारी प्राप्त गरिरहेका हुन्छन्। उनीहरूमा यस सम्बन्धी भरपर्दो सूचना तथा शिक्षाको बढ्दो माग रहेको छ। बृहत् यौनिकता शिक्षाले यस मागलाई सम्बोधन गर्न, युवाहरुलाई सम्बन्ध र यौनिकताबारे सचेत निर्णय गर्न, उनीहरूको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको उपभोग गर्न सबलीकरण गराउनुका साथै जीवन परिवर्तनकारी निर्णयहरू लिन मद्दत गर्दछ।






## तथ्यहरू

- सन् २०२२ को अन्त्यसम्ममा विश्वमा करिब ३ करोड ९० लाख मानिसहरू एचआइभीबाट संक्रमित थिए, जसमध्ये ०-१९ उमेर समूहका २६ लाख बालबालिका तथा किशोरकिशोरीहरू रहेका थिए (Global AIDS Monitoring, २०२३; UNAIDS, २०२३)।
- अध्ययनअनुसार विश्वमा ५९% मानिसहरुले एचआईभी सङ्क्रमितहरूप्रति भेदभावपूर्ण मनोवृत्ति राख्ने गरेको पाइएको छ (UNICEF, २०२३)।
- नेपालमा सन् २०२२ को अन्त्यसम्म ३० हजार व्यक्तिमा एचआईभी सङ्क्रमण भएको अनुमान गरिएको छ भने, हरेक दिन एक जना एचआईभीबाट सङ्क्रमित हुने गरेको पाइएको छ।
- हरेक वर्ष विश्वभर लगभग ७ करोड ३० लाख गर्भपतन हुने गर्दछ, जसमध्ये ४५% गर्भपतन असुरक्षित हुने गर्दछ, जसका कारण ३९,००० केटी र महिलाहरुको मृत्यु हुने अनुमान गरिएको छ (WHO, २०२१)।
- नेपाल प्रहरीको आर्थिक बर्ष बि.सं. २०७८/७९ को तथ्याङ्क अनुसार, सो वर्ष आत्महत्या गर्ने व्यक्तिको संख्या ६,८३० रहेको छ।
- राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण अनुसार नेपालमा ६.५ प्रतिशत व्यक्तिले आत्महत्या गर्ने सोच बनाउने गरेको पाइन्छ।
- नेपालका कुल ३७% किशोरीहरुको १८ वर्ष उमेर नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको पाइन्छ (Human Rights Watch / WVIN, २०२३)।
- नेपालमा विवाहको कानुनी उमेर २० वर्ष भएपनि ४१.०९% महिलाहरुको १० देखि १८ वर्षको उमेरमा र ७६.९५% को २० वर्षको उमेरमा विवाह भएको भएको पाइन्छ (NSO, २०२३)।
- नेपालमा १५-१९ उमेर समूहका १४% किशोरीहरू आमा वा गर्भवती भइसकेका हुन्छन् (Ministry of Health and Population, NepalÙ New ERAÙ & ICF, २०२२)।



# सबैका लागि बृहत् यौनिकता शिक्षा

## नेपाल परिवार नियोजन संघ र बृहत् यौनिकता शिक्षा कार्यक्रम

जनसंख्याको व्यवस्थापन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी सुखी तथा समृद्ध परिवार बनाउनमा सहयोग पुर्याउने, स्वयंसेवी माध्यमद्वारा परिवार नियोजनका सेवाहरू उपलब्ध गराउने पुनीत उद्देश्यले प्रेरित भएर वि.सं. २०१६ सालमा नेपाल परिवार नियोजन संघको स्थापना भएको हो । यस संघले सन् १९६० मा अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघको सदस्यता प्राप्त गर्यो । यस संघका पाँचवटा कार्यक्षेत्र किशोरकिशोरी तथा युवा, एच.आई.भी. र एड्स, सुक्षित गर्भपतन, सेवाको पहुँच, जनमत निर्माण, मध्ये किशोर किशोरी तथा युवा कार्यक्षेत्रअन्तर्गत बालबालिका तथा किशोर किशोरीहरुलाई उमेर अनुसारको सूचना, शिक्षा तथा शिकाइ प्रदान गर्न अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघको सहयोगमा बृहत् यौनिकता शिक्षाका कार्यक्रमहरु सञ्चालनमा ल्याइएको थियो ।



डेनिस् सरकारको आर्थिक सहयोगमा अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ मार्फत नेपाल परिवार नियोजन संघले सन् २००८ देखि नै बृहत् यौनिकता शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको र अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ र युएनएफपीए नेपालको सहयोगमा हाल विभिन्न जिल्लामा बृहत् यौनिकता शिक्षा कार्यक्रमलाई निरन्तरता दिदै किशोरकिशोरी-मैत्री सूचना कक्षको स्थापना पनि गरिएको छ । नेपाल परिवार नियोजन संघका बृहत् यौनिकता शिक्षा कार्यक्रम कार्यान्वयनका मुख्य गतिविधिहरू यसप्रकार रहेका छन् :

- सचिवालयको रूपमा बृहत् यौनिकता शिक्षा सम्बन्धी प्रथम राष्ट्रिय सम्मेलनको आयोजना
- विद्यालयका शिक्षकहरूलाई बृहत् यौनिकता शिक्षा सम्बन्धी ज्ञान, अभिवृत्ति, सीप र क्षमता अभिबृद्धि गर्न विभिन्न तालिमहरूको आयोजना
- बृहत् यौनिकता शिक्षा प्राविधिक कार्य समूह (ऋक्भ्त्व्न्० का बैठकहरू आयोजना
- नीति निर्माताहरू, अभिभावकहरू, र विद्यालय व्यवस्थापन समिति सदस्यहरुलाई बृहत् यौनिकता शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन
- बृहत् यौनिकता शिक्षा पुनर्ताजगी तालिम र बैठकहरू तथा साथी शिक्षा तालिम सञ्चालन
- बृहत् यौनिकता शिक्षासम्बन्धी प्रशिक्षण पुस्तक, पाठ्यसामग्री, सन्दर्भसामग्री तथा बिभिन्न शैक्षिक सामग्रीहरुको निर्माण तथा वितरण
- बृहत् यौनिकता शिक्षासम्बन्धी भिडियो डकुमेन्ट्रीहरूको निर्माण तथा प्रसारण
- विद्यालयभित्रका विद्यार्थीहरू र विद्यालय बाहिरका युवाहरूका लागि बृहत् यौनिकता शिक्षासम्बन्धी कक्षाहरू सञ्चालन
- युवा-मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाहरू प्रदान
- सबै शाखा कार्यालयहरूमा बृहत् यौनिकता शिक्षा युवा च्याम्पियन प्रशिक्षण र तयारी
- विद्यालय पाठ्यक्रममा उमेर अनुसारको यौनिकता शिक्षा समावेश
- विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३ - २०३१/३२ मा बृहत् यौनिकता शिक्षाका केही विषयबस्तुहरु समावेश

## बृहत् यौनिकता शिक्षाको परिचय

बृहत् यौनिकता शिक्षा मानव शरीर विज्ञान र यौन व्यवहार मात्रैको अध्ययन नभई विभिन्न सामाजिक-सांस्कृतिक र जिवनोपयोगी विषयवस्तुको ज्ञान, धारणा र सीप विकाससँग सम्बन्धित शिक्षण-सिकाई प्रक्रिया हो । बृहत् यौनिकता शिक्षा भनेको यौनिकतासम्बन्धी संज्ञान, संवेग, शारीरिक र सामाजिक पक्षहरूको सिकाइ प्रक्रियाको एक अधिकारमुखी दृष्टिकोण हो जसले युवा तथा किशोरकिशोरीलाई व्यक्तिगत सम्बन्धमा शारीरिक र संवेगात्मक रूपमा आफ्नो यौनिकतालाई निर्धारण गर्न तथा सुखमय बनाउन यौनसम्बन्धी ज्ञान, सीप, अवधारणा र मान्यताको विकास गर्न मद्दत गर्दछ ।

युवाको शारीरिक अवस्थाका बारेमा मात्र नभई यौनिकताका सम्बन्धमा समेत पूर्ण ज्ञान प्रदान गरी स्वस्थ यौन जीवनयापन गर्ने सीपको विकास गर्दै जिम्मेवार एवम् दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ बृहत् यौनिकता शिक्षा कार्यक्रमको थालनी भएको हो । यसभन्दा अघिल्ला दशकहरूमा परिवार स्वास्थ्य शिक्षा, यौन सम्बन्धसम्बन्धी शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा हुँदै आजको परिप्रेक्ष्यमा अधिकारमा आधारित जीवनोपयोगी शिक्षाको रूपमा बृहत् यौनिकता शिक्षालाई परिभाषित गर्न थालिएको छ । यसै सन्दर्भमा नेपाल परिवार नियोजन संघले पनि आफ्नो कार्यदिशालाई सन् २००८ देखि नै यसतर्फ प्राथमिकताका साथ निरन्तरता दिइरहेको छ ।



# सबैका लागि बृहत् यौनिकता शिक्षा




## बृहत् यौनिकता शिक्षाका प्रमुख अवधारणाहरू

यौनिकता शिक्षाको अन्तर्राष्ट्रिय प्राविधिक निर्देशिका (ITGSE, २०१८) का अनुसार बृहत् यौनिकता शिक्षाका आठ प्रमुख अवधारणाहरू छन् (UNESCO et al., २०१८) । यी अवधारणाहरू एक आपसमा अन्तरसम्बन्धित छन् :

- **सम्बन्ध (Relationships):** परिवारहरू; मित्रता, माया र रोमाञ्चित सम्बन्धहरू; सहनशीलता, समावेशिता र सम्मान; तथा दीर्घकालिन वचनबद्धता तथा अभिभावकत्वजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **मूल्य, अधिकार, संस्कृति र यौनिकता (Values, rights, culture and sexuality):** मूल्यमान्यता र यौनिकता; मानव अधिकार र यौनिकता; तथा संस्कृति, समाज र यौनिकताजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **लैङ्गिकताको बुझाई (Understanding gender):** लैङ्गिकताको सामाजिक बनावट; लैङ्गिक समानता, रुढिवाद र भेदभाव; तथा लैङ्गिकतामा आधारित हिंसाजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **हिंसा र सुरक्षित रहनु (Violence and staying safe):** हिंसा; सहमति, गोपनीयता र शारीरिक अखण्डता; तथा सूचना र सञ्चार प्रविधिको सुरक्षित प्रयोगजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **स्वास्थ्य र निरोगिताका लागि सीपहरू (Skills for Health and Well-being):** यौनिक व्यवहारका मानक तथा दौतरी प्रभाव; निर्णय गर्ने; सञ्चार, इन्कार तथा सम्झौता गर्ने सिप; आम सञ्चार र यौनिकता; तथा सहयोग प्राप्त गर्नुजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **मानव शरीर र विकास (Human body and development):** यौनिक तथा प्रजनन प्रणाली; प्रजनन; यौवनावस्था; तथा शारीरिक आकृतिजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **यौनिकता र यौनिक व्यवहार (Sexuality and sexual behavior):** यौन, यौनिकता र यौनिक जीवन चक्र; तथा यौनिक व्यवहार र यौनिक प्रतिक्रियाजस्ता विषयहरू यसमा संलग्न छन् ।
- **यौनिक तथा प्रजनन स्वास्थ्य (Sexual and reproductive health):** गर्भधारण र गर्भ निरोध; एचआईभी र एडस, लाञ्छना, हेरचाह, उपचार र सहयोग; तथा एचआईभी लगायत यौन सङ्क्रमणको जोखिम पहिचान तथा न्यूनीकरणजस्ता विषयहरू यसमा संलग्न छन् ।

## बृहत् यौनिकता शिक्षाका फाइदाहरू

बृहत् यौनिकता शिक्षाले ढिलो उमेरमा यौनसम्पर्क राख्ने र अन्य गर्भनिरोधकको प्रयोग बढाउने कुरालाई प्रमाणित गरेको पाइएको छ । त्यस्तै, सन् २००६ मा युएनएड्सले गरेको अध्ययनअनुसार बृहत् यौनिकता शिक्षाका कारण लागू औषध प्रयोगमा कमी र स्वास्थ्य सेवाको प्रेषण संख्यामा वृद्धि भएको साथै लैङ्गिक हिंसा, लान्छना र भेदभाव समेत न्यूनीकरण भएको पाइएको छ ।

युनेस्कोको सक्रियतामा सन् २००८ - २००९ मा यौनिकता शिक्षाले यौनिक व्यवहारमा पारेको प्रभावको अध्ययनको पुनरावलोकन अनुसार यस शिक्षाको प्रभाव निम्नानुसार रहेका छन् :

- ढिलो उमेरमा यौन सम्पर्क सुरु गर्ने ३७ प्रतिशतले वृद्धि
- यौन सम्पर्क गर्ने सङ्ख्या घटाउँदै लग्ने ३१ प्रतिशतले वृद्धि
- यौन जोडीको सङ्ख्या घटाउनेमा ४४ प्रतिशतले वृद्धि
- कन्डम तथा गर्भनिरोधका साधन अपनाउने ४० प्रतिशतले वृद्धि
- यौनिकतासम्बन्धी कुनै पनि जोखिम लिन नचाहने ५३ प्रतिशतले वृद्धि

त्यसैगरी, बृहत् यौनिकता शिक्षाले बालबालिका र युवाहरूलाई तल उल्लेखित निम्न कुराहरुमा सक्षम बनाउने भएकाले, युनेस्कोको २०१६ ग्लोबल रिभ्यु अनुसार, अधिकांश देशहरूले बृहत् यौनिकता शिक्षाको अवधारणालाई प्राथमिकता दिदै यसको सक्रिय कार्यान्वयनमा जोड दिएका छन् ।

- सही र उमेर उपयुक्त ज्ञान प्राप्त गर्न
- सकारात्मक मनोवृत्ति र सीपहरू विकास गर्न
- मानव अधिकार, लैङ्गिक समानता र विविधताको सम्मान गर्न, र
- सुरक्षित, स्वस्थ, र सकारात्मक सम्बन्धमा योगदान गर्ने मनोवृत्ति र सीपहरू सहित सकारात्मक मूल्यहरू विकास गर्न ।



## बृहत् यौनिकता शिक्षा र राष्ट्रिय विकास

अध्ययनहरूका अनुसार बृहत् यौनिकता शिक्षाको अभावमा किशोर किशोरी तथा युवाहरुको कम उमेरमै विवाह हुने, छिट्टै सन्तान जन्मने, जन्मान्तरको समय न्यून हुने, दीर्घकालीन यौन तथा प्रजनन स्थास्थ्यका समस्या हुने र सूर्ति तथा लागुपदार्थको प्रयोग बढ्ने, असुरक्षित यौनसम्पर्क, अनिच्छित गर्भधारण, असुरक्षित गर्भपतन, एचआईभी लगायत अन्य यौनजन्य सङ्क्रमण र यौन अपराधजस्ता समस्या हुने आदि कुराको पुष्टि भैसकेको छ । यिनै चुनौतीहरुलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरुलाई सम्बोधन गर्न राष्ट्रिय कार्ययोजना २०७०/७१ (२०७४/७५ तथा राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकास रणनीति २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

# सबैका लागि बृहत् यौनिकता शिक्षा



साथै, नेपालले सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको "जनसङ्ख्या र विकास" सम्बन्धी सम्मेलनको कार्यनीतिमा हस्ताक्षर गरेलगत्तै यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सवालहरूमा दह्रो प्रतिबद्धता जनाइसकेको छ । परिणामस्वरूप स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच तथा प्रतिकारात्मक सूचना तथा शिक्षामा जोड दिन राष्ट्रिय प्रजनन स्वास्थ्य रणनीति अवलम्बन गरिसकेको छ। दिगो विकासका लक्ष्यहरू पुरा गर्नमा बृहत् यौनिकता शिक्षासम्बन्धी यस्ता प्रयास र कार्यक्रमहरुले सकारात्मक भूमिका निभाउने निर्विवाद छ ।




## विद्यालय शिक्षा क्षेत्र योजना र पाठ्यक्रममा बृहत् यौनिकता शिक्षा

विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२/२३ - २०३१/३२ मा बृहत् यौनिकता शिक्षासँग सम्बन्धित लक्ष्य कार्यान्वयन गर्ने केही उद्देश्यहरु राखिएको छ । यसअघि विद्यालय क्षेत्र विकास योजना (SSDP) २०१६-२०२३ ले विद्यार्थीहरूको गोपनीयता र महिनावारी स्वच्छता व्यवस्थापनसम्बन्धी आवश्यकताहरू पूरा गरेर सहभागितालाई सुदृढ गर्ने र किशोरकिशोरीहरूको विद्यालय छाड्ने दरलाई घटाउने लक्ष्य राखेको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पनि आफ्नो विद्यालयको पाठ्यक्रममा बृहत् यौनिकता शिक्षाका विषयवस्तुहरुलाई समयानुसार परिमार्जन र समावेश गर्दै लगिरहेको छ। नेपालमा, कक्षा ४-८ का पाठ्यक्रममा बृहत् यौनिकता शिक्षाका विषयवस्तुहरू अनिवार्य स्वास्थ्य, शारीरिक र सृजनात्मक कला विषयमा समावेश गरिएका छन् भने कक्षा ९-१२ का पाठ्यक्रममा ऐच्छिक स्वास्थ्य र शारीरिक शिक्षामा समावेश गरिएका छन् । हाल कक्षा ९ र १० मा ऐच्छिक स्वास्थ्य र शारीरिक शिक्षा विषय राखिएको भएतापनि वि.सं. २०८० देखि अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा विषय भने हटेको छ, जसका कारण ठूलो संख्याका किशोरकिशोरी तथा यूवाहरु बृहत् यौनिकता शिक्षाको पहुँचबाट बञ्चित हुने चुनौती भने अझै रहेको छ ।



हालको पाठ्यक्रममा समावेश गरिएका विषयवस्तु युवायुवतीको आवश्यकताअनुरूप अपुग भएको, प्रभावकारी नभएको र सहजीकरण गर्न गाह्रो भएको महसुस गरिएको छ । नेपालमा सामान्यतया व्याख्यानमा आधारित र गैर-सहभागितापूर्ण शिक्षणसिकाई हुने गर्दछ, जसले गर्दा धेरै विद्यार्थीहरूका लागि यौनिकताजस्ता विषयमा सिकाइको वातावरण असहज रहेको छ । यो संवेदनशील विषय भएकाले धेरै शिक्षकहरू नकारात्मक सामाजिक मान्यताहरूबाट प्रभावित हुने गर्दछन् । शिक्षक र विद्यार्थीमा रहेको संकोचका कारण पाठ्यक्रममा भएका अधिकांश विषयवस्तुहरू पनि कक्षामा शिक्षण हुँदैनन् ।

आधारभूत तथा माध्यमिक तहका पाठ्यक्रममा यौनिकता विषयलाई प्रभावकारी रुपमा समावेश गरिएको खण्डमा यौन संक्रमणहरू न्यूनीकरण हुने, यौनिक र लैङ्गिक हिंसाको रोकथाम हुने, र विवाह गर्ने औसत उमेर वृद्धि भई मातृ मृत्युदर र प्रजनन दरहरूमा कमी आउने हुँदा यस शिक्षाले दीगो विकास लक्ष्यहरू मध्ये लक्ष्य नम्बर ३, ४ र ५ हासिल गर्न ठूलो टेवा पुग्ने देखिन्छ । तसर्थ : हाम्रा सामाजिक मूल्य-मान्यता र संस्कृतिको अनुकूल हुने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई पूर्णरूपमा सबल र समग्र बनाउनुका साथै समय सापेक्षरूपमा परिवर्तन गर्दै लैजान बृहत् यौनिकता शिक्षा आजको अपरिहार्य आवश्यकता हो ।

बृहत् यौनिकता शिक्षा हाम्रो अभियान, युवाको आवश्यकता र अधिकार तथा सरकारको दायित्व मात्र नभै देशको समग्र र सुनौला भविष्यको दूरदर्शी र सकारात्मक परिणाममुखी लगानी पनि हो ।

FPAN
नेपाल परिवार नियोजन संघ

**नेपाल परिवार नियोजन संघ**
केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर, पोष्ट बक्स ४८६, काठमाडौं, नेपाल
फोन : ९७७ १ ५०१०२४०, ५०१०१०४ हेल्पलाइन: १६६००१४५०००, वेबसाईट : www.fpan.org

**सबैको सुस्वास्थ्य र सेवामा समर्पित**